# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**सानोठिमी, भक्तपुर ।**

## स्तर निर्धारण तथा सम्बन्धन महाशाखाको शैक्षिक सत्र २०८०/०८१ को लागि कार्यक्रम नविकरण गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित २०८०/०२/०३**

यस परिषद्‌बाट सम्बन्धन/स्वीकृति लिई सञ्चालनमा रहेका प्रि-डिप्लोमा र प्रमाणपत्र/डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन गरिरहेका संस्थाहरूले सम्बन्धन/स्वीकृति पाएको मितिले दुई वर्ष पछि प्रत्येक वर्ष कार्यक्रम नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार यस वर्ष परिषद् प्रदेश कार्यालयबाट गरिएका नियमित अनुगमनबाट योग्य ठहरिएका संस्थाको कार्यक्रमहरूको नवीकरण ONLINE मार्फत गर्नुहुन अनुरोध छ। यसै सन्दर्भमा प्राविधिक महाशाखाको अनुगमन/सुपरीवेक्षणबाट योग्य ठहरिएका सस्थाहरूले शैक्षिक सत्र ०८०/०८१ का लागि कार्यक्रम नवीकरण गराउन तपसिलमा उल्लेख भए बमोजिमका शर्त अनुसार नविकरण शुल्क, टक्ष्क शुल्क र अन्य आवश्यक कागजातहरू सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८०।०२।०३ गते देखि २०८०।०२।१७ गतेसम्म) नियमित शुल्कमा र २०८०।०२।१८ गतेदेखि २०८०।०२।२४ गतेसम्म विलम्ब शुल्क (डबल दस्तुर) समेत जम्मा गरी ONLINE मार्फत नवीकरणका लागि निवेदन दिनुहुन तथा नवीकरणको म्याद समाप्त भएपछी प्रमाणित सक्कलै कागजात पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद समाप्त भए पश्चात् संस्थाहरूको कार्यक्रम नवीकरण नहुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नवीकरण गर्दा अनिवार्य रूपमा पेस गर्नुपर्ने कागजातहरू :-**

(१) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ को संस्था नवीकरण/अध्यावधिक गरेको पत्र र संस्था दर्ता सम्बन्धी सम्पूर्ण कागजात पेस गर्नुपर्नेछ।

(२) कम्तीमा आ.व. २०७८/०७९ सम्मको करचुक्ता गरेको प्रमाण वा कर दाखिलाको प्रमाण पेस गर्ने।

(३) स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूका लागि प्रयोगात्मक अभ्यासमा प्रयोग गरिने अस्पतालका सम्बन्धमा परिषद्‌को न्यूनतम पूर्वाधार निर्देशिका तथा अन्य मापदण्डहरू, सम्बन्धित व्यवसायी परिषद् र राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को प्रावधान बमोजिम प्रयोग गरिएका अस्पतालको शय्या खुलेको आधिकारिक निकायको स्वीकृतिपत्र र अस्पतालको नवीकरण पत्र २०७८/०७९ (सरकारी बाहेक), अस्पतालले प्रयोगात्मक अभ्यासका लागि सहमती दिइएको संस्थाहरूका कार्यक्रमहरूको प्राथमिकता खुल्ने पत्र, सहमती सम्झौता पत्र, अस्पतालबाट संस्थासम्मको दूरी प्रमाणित कागजात र उक्त अस्पतालमा स्वास्थ्य सम्बन्धी स्नातक वा स्नातकोत्तर तहका कार्यक्रमका लागि प्रयोग गरिएको वा नगरिएको प्रष्ट खुल्ने गरी अस्पतालको स्वघोषणा पत्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

(४) चालु शैक्षिक सत्रमा संस्था सञ्चालन गर्दा प्रशिक्षण शुल्क बापत लिइदै आएको शुल्कको सम्बन्धमा परिषद्‌बाट तोकिएको शुल्क मात्र लिएको प्रतिबद्धता पत्र र गत शैक्षिक सत्र २०७९/०८० मा कार्यक्रम नवीकरण गरेको सक्कल नवीकरण कार्डको प्रतिलिपि पेस गर्नुपर्नेछ।

(५) परिषद्‌बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन स्वीकृति पत्र, नामसारी, ठाउँसारी र स्वामित्व हस्तान्तरण भएमा सो समेतको पत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ।

(६) माथि उल्लेखित प्रमाण, कागजातहरू पेस गरेका र प्राविधिक महाशाखाको अनुगमन तथा मूल्याङ्कनबाट योग्य देखिएका संस्थाहरूले मात्र देहायको रकम परिषद् कार्यालयले तोकेको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता नं. १७३०१०००००००९००६ मा जम्मा गर्नुपर्नेछ। उक्त रकम जम्मा गर्दा बैंक भौचरमा सस्थाको नाम र ठेगाना अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

(७) उपरोक्त अनुसारको कागजात CTEVT को Website: www.ctevt.org.np मा राखिएको संस्थाको विवरण सहितको फाराम अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। साथै विद्युतीय माध्यम (ONLINE) बाट आवेदन पेस गर्दा सस्थाको लेटर प्याडमा अनुरोध पत्र सहित परिषदको Website को Quick Link वा https://tinyurl.com/ctevt2080 मा मात्र पठाउनु पर्नेछ। अन्यथा नवीकरणका लागि योग्य मानिने छैन।

(८) गत शैक्षिक सत्र २०७९/०८० मा स्वास्थ्य सम्बन्धी प्रमाणपत्र/डिप्लोमा तहका कार्यक्रममा स्तरोन्नति भएका तथा समान तहका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन/स्वीकृति पाएका संस्थाहरूको कार्यक्रम समेत उल्लेख भए अनुसारका कागजात र शुल्कहरू जम्मा गरी नवीकरण गर्नुपर्नेछ।

(९) छोटो अवधिको तालीम सम्बन्धन/स्वीकृति लिएका संस्थाहरूले सम्बन्धन/स्वीकृति पत्रमा उल्लेख भएअनुसारको मितिलाई गणना गरी सोही अनुसारको समय सीमाभित्र नियमित शुल्कमा र सो समय पश्चात् नियमानुसार विलम्ब शुल्क (दबल दस्तुर) तिरी कार्यक्रम नवीकरण गर्न सकिने छ।

**तपसिल :**

**निर्देशक**

| क्र.स. | विवरण | शुल्क |
|---|---|---|
| १ | TMIS शुल्क | रु. २,०००।- प्रति संस्था |
| २ | छोटो अवधिको तालीम | रु. १,०००।- र प्रति थप कार्यक्रम रु. १,०००।- |
| ३ | प्रि-डिप्लोमा | रु. १०,०००।- र प्रति थप कार्यक्रम रु. ५,०००।- |
| ४ | प्रमाणपत्र/डिप्लोमा तह | रु. ३०,०००।- र प्रति थप कार्यक्रम रु. १०,०००।- |